**अर्जुनचौपारी गाउपालिकाको ऐतिहासिक नवौं गाउँसभाका अध्यक्षता गरिरहनु भएका अध्यक्ष ज्यू, प्रशासकिय अधिकृत ज्यू ,६ वटै वडाका वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरु एंव राष्ट्रसेवक कर्मचारी ज्यूहरु तथा यस सम्मानित सभमा उपस्थित सम्पुर्ण व्यक्तित्व ज्यूहरुमा यस गरिमामय नवौं गाउँसभामा शब्द द्वारा पुष्प गुच्छारुपी स्वागत अभिवादन टक्राउन चाहन्छु ।**

विविध धार्मिक सास्कृतिक तथा पौराणिक एंव प्राकृतिक सम्पदाले भरिपुर्ण भई फरक धरातल सहितको भौगोलीक वनावटबाट सजिसजावट कचौरा आकारमा फौलिएको यस सुन्दर अर्जुनचौपारी गाउँपालिकाको उपाध्यक्षको गरिमामय जिम्मेबारी पदमा रहि जनप्रतिनिधिको हैसियतमा ४औं बसन्त पार गरी ५औं बसन्तको संघारमा पाईला टेकी नवौं गाउँसभा सम्म आइपुग्दा पक्कै पनि हिजोको अर्जुनचौपारी र आजको अर्जुनचौपारीमा स्वास्थ्य,शिक्षा, खानेपानी ,यातायात सहितका भौतिक पूर्वाधार तथा प्रशासनका हिसावले पनि धेरैनै परिवर्तन भएको आभास गरेकी छु । यसैक्रममा विगतका राजनितिक परिवर्तनको निम्ती जिवन आहुती गर्दै आजको संघिय लोकतान्त्रीक गणतन्त्र नेपालको निर्माणको लागी आफ्नो ज्यानको बलिदानी गर्नुहने सम्पुर्ण सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

गाउँपालिका वासीको विकास निर्माण प्रतिको तिव्र चाहना लगायत हरेक क्षेत्रमा द्रुतगतिमा परिवर्तनको इच्छा आकांक्षाको सुखद अनुभुतीको आभास खोजिरहेको यथार्थतालाइ महशुस गर्दै विश्वलाइ आक्रान्त पारेको कोभिड-१९ को महामारीमा समेत हामी संग उपलब्ध सिमित स्रोत साधनको अधिकाधिक उपयोग गर्दै यस पालिकाका नागरिकहरुको दैनिक

जिवनशैलीमा उल्लेख्यि परिवर्तनको आभाष हुने गरि सबै क्षेत्रमा नतिजामूलक कामको शुत्रपात भएको महशुस भएको छ ।

यसै अवसरमा हिजो गाउँपालिका निर्माण देखि विकास निर्माण लगाएत जनतासंग दिनानुदिन जोडिने हरेक कामकाजहरुलाइ नजिकैबाट नियाली प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सल्लाह ,सुक्षाव दिइ सकारात्मकरुपमा अगाडि बढ्न हौसला प्रदान गर्नुहुने सबै सबै गाउँपालिका बासीमा धन्यवाद आभार प्रकट गर्न चाहन्छु ।

जनताको चाहना भावना र इच्छा आकांक्षलाइ आत्मासात गर्दै हरेक क्षेत्रमा जनतालाइ महशुस हुने गरि अगाडि बढ्ने क्रममा खासगरि न्यायिक समिति,राजश्व संकलन ,अनुगमन एवं महिला तथा बालबालिका,बृद्धबृद्धा र अपाङ्गहरुको हकहित र संरक्षणको लागि आफुलाई अझ क्रियाशिल बनाएको महशुस जनतालाइ दिलाउन अहोरात्र प्रयासरत रहिरहे । मलाई लाग्छ यस अवधिभर गाउँपालिकाका ३८ वटै टोलहरुका विभिन्न बस्तीहरुमा छरिएर रहेका महिला, बालवालिका देखि बृद्ध सम्म दलित आदिवासी, जनजाती देखि खस आर्य जाती सम्म, अति विपन्न गरिब देखि धनी वर्ग सम्म, फरक क्षमता भएका व्यक्ती देखि सपाङ्ग व्यक्तिहरुको न्यायको शिलशिलामा कहि कतै पनि कुठाराघात हुन नदिई ,नभई आजको मिति सम्म निश्पक्ष र विभिन्न रुपमा दुधको दुध पानीको पानी सहित न्यायोचित रुपमा न्याय सम्पादन गरेको मलाई महशुस भएको छ । चालु बर्ष २०७७/७८ मा २० उजुरी दर्ता भएकोमा १९ वटै उजुरी उपर छलफल गरी मिलापत्र गर्न सफल भएका छौ ।वडा न.१ देखि ६ सम्म नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान व्यापक रुपमा सन्चालन गरेको जानकारी गराउन चाहान्छु।

राजश्व संकलनमा सोचे भन्दा ७२ प्रतिशत बढि संकलन, बाल पोषण एवं गर्भवती महिलालाई आयुर्वेदिक दुग्ध बर्धक औषधि एवं क्याल्सीयम सहितको घरघरमा स्वास्थ्य सेवा र बृद्धवृद्धा तथा अपाङ्गहरुको हकहितमा गरिएको कामको थालनीले केहि मात्रमा भए पनि आफूलाई गौरवको अनुभुती भएको छ, आ.वा. ०७७।०७८ मा क वर्गको अपाङ्ग परिचयपत्र ४९ ,ख वर्गको ५३, ग बर्गको २४ र घ बर्गको १५ वटा वितरण गरिएको छ ,भने अहिले शुरुवात गरिएका कामहरुको नतिजा मुल:त रुपमा महशुस हुने गरि परिवर्तनको लागि खट्दै यस पालिकालाई अझ बढि समुन्नत र प्रगति उन्मुख गराउदैं लैजाने शिलशिलामा आगामी आर्थिक बर्ष ०७८।०७९ को बार्षिक आयव्यय बजेट यँहाहरु माझ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**गाउँसभाका आदरणीय अध्यक्षज्यू,**

**गाउँसभाका सदस्य ज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी मित्रहरु ,**

अव म यस गरिमामय सभामा आगामी आ.व.को बजेट प्रस्तुत गर्न सभा अध्यक्षज्यूको अनुमति चाहन्छु ।

१. बजेट तर्जुमा गर्दा मैले मूलत:

- नेपालको संविधान ,२०७२
- स्थानीय सरकार संचालन ऐन ,२०७४
- अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्रकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघीय र गण्डकी प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
- स्थानीय तहको मध्यम कालिन खर्च संरचना
- स्थानीय श्रोत साधन, स्थानीय ऐन, नियम, कानून तथा कार्यविधिहरु
- विकासका अन्तरसम्वन्धित विषयहरु
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्वन गरेका अन्य आर्थिक नीतिहरुलाई विशेष ध्यान दिएकोछु ।

२. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँटलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै, यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु । कोभिड १९ को कारण राजश्वमा आउने संकुचनलाई मध्यनजर गरी तथा संघीय सरकारको निर्देशनलाई पालना गर्दै

राजश्व बाडफाडबाट प्राप्त हुने बजेटलाई लचकदार तरिकाले व्यवस्थापन गरेकी छु ।

३. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेकोछु । साथै कार्यक्रमको छनौट,साधन स्रोतको बाँडफाँट र विनियोजनमा देखिने दोहोरोपनालाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता,स्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

४. समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण,परिपूरक कानुन तर्जुमा,भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन,आन्तरिक स्रोतको आधार विस्तार,उत्पादन र उत्पादकत्व बृद्धि,आयोजनाको प्राथमिकीकरण, असल शासन प्रवर्दन र अन्तरसरकारी समन्वय हाम्रो सरकारको प्रमुख चुनौती रहेका छन् ।

सभाका अध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

अव म आगामी आर्थिक वर्ष २०७८/७९ को वजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।बजेटका सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलव्धी निम्न अनुसार रहेका छन् ।

- **सोंच**

  अग्रगामी ,सामाजिक न्यायमा आधारित अर्जुनचौपारी गाउँपालिका
- **लक्ष्य :**

  शसक्तिकृत, सभ्य समाज र उन्नतिशिल अर्जुनचौपारी गाउँपालिका
- **उद्धेश्य :**

  शैक्षिक रुपान्तरण, गरिबी न्यूनिकरण, उत्पादमूलक, रोजगार सृजना, समाजिक न्यायमा आधारित, न्यायोचित वितरण, सम्पन्नता र आत्मनिर्भर अर्जुनचौपारी गाउँपालिका बनाउने

**अपेक्षित उपलब्धी :**

यस गाउँपालिकाको नबौं गाउँसभाको प्रमुख समस्या शैक्षिक, सामाजिक, आर्थिक,नैतिक,भौतिक विकासमा तुलनात्मक रुपमा अहिलेको भन्दा शैक्षिक संस्थाहरु गुणस्तरिय भएको हुनेछ । वालवालिकाहरुको शैक्षिक क्षमतामा औसतमा ७ % ले बढेको हुनेछ । समाजमा रहेको परम्परागत कुरीति, बिकृतिको न्यूनिकरण भई सभ्य समाज उन्मुख हुनेछ । बार्षिक आर्थिक वृद्धिदरमा औसतमा २ प्रतिशतले बृद्धि हुनेछ । कृषि क्षेत्रमा उत्पादन व्यवस्थापनमा बार्षिक औषतमा ११ प्रतिशत बृद्धि हुनेछ । मानव विकासको सूचकाङ्क, लैङ्गिक शशक्तिकरण, सामाजिक भेदभाव कोभिड १९ को संक्रमण घटी जनजिवनमा सहज र आर्थिक,सामाजिक क्षेत्र तथा पूर्वाधार विकासको बृद्धि हुनेछ ।

५. जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु, स्वास्थ्य सेवालाई गुणस्तरीय तथा जनताको पहुँचमा पुर्याउनु, न्यायको पहुँच तथा अनुभुती तुल्याउनु ।

६. लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गर्नु,

७. कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरुप समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,

८. स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई थप विकसित गर्नु,

९. स्थानीय तहमा विधायिकी,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु ।

१०. आगामी आर्थिक वर्षको बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

११. ग्रामीण सडक, प्रशासकीय भवन तथा शहरी विकास मार्फत पूर्वाधार विकास,

१२. कृषि, पर्यटन, उद्योग तथा वाणिज्य,सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास ,

१३. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवधर्न, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को विकास मार्फत सामाजिक विकास,

१४. वन, वातावरण तथा विपद् व्यवस्थापन

१५. सुशासन तथा संस्थागत विकास

अव म चालु आर्थिक वर्ष २०७७/७८ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

१६. चालु आर्थिक वर्षमा रु ४० लाख राजस्व परिचालन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको हाल सम्म करिब ६९ लाख ६४ हजार २ सय ७८ रुपैया राजस्व संकलन भै सकेको छ । त्यसैगरी चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदानबापत हालसम्म प्राप्त रु ४ करोड ४ लाख ५० हजार रुपैया मध्ये रु ३ करोड २९ लाख ६४ हजार ९ सय ८०.०९ खर्च भएको छ भने संघीय राजस्व वाँडफाँडबाट रु ५ करोड ५५ लाख रुपैया आय प्राप्त हुनुपर्नेमा चालु आ.व.को जेष्ठ मसान्त सम्ममा रु ४ करोड २ लाख ३६ हजार ७ सय ४५.९९ रुपैया मात्र प्राप्त भै रु १ करोड ५३ लाख ६१ हजार ३ सय ८४ रुपैया ०१ पैसा प्राप्त हुन बाँकी छ ।सो प्राप्त हुने संभावना कोभिड-१९ को दोस्रो लहर र अस्पतालमा अक्सिजनको अभाव भइ अस्पतालहरुमा खर्च व्यवस्थापन गर्नु परेको कारण लगभग सकिएको अवस्था हो ।

१७. चालु आर्थिक वर्षको सशर्त अनुदान तर्फ रु १७ करोड ३१ लाख ५१ हजार ५ सय ४० रुपैया मध्ये चालु आ.व.को जेष्ठ मसान्त सम्म रु १३ करोड ८६ लाख ९४ हजार प्राप्त भएको छ। त्यस्तै सामाजिक सुरक्षा भत्ता बापत रु ६ करोड ६२ लाख ४ हजार प्राप्त भइ अन्तिम किस्ता वितरण प्रकृया मा रहेको छ ।

१८. अनुदान तथा राजस्व बाँडफाँटका अतिरिक्त स्थानीय पूर्वाधार विकास कार्यक्रम तर्फ रु ४५ लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु ५२ लाख , गरिव संग विश्वेश्वर कार्यक्रम तर्फ रु ५ लाख ४६ हजार, सामाजिक विकास तर्फ भगवति मन्दिर र फुर्षामाटा मन्दिर गरि रु.१४ लाख,आन्तरिक मामिला (गण्डकी समाज सभ्य समाज) तर्फ रु. ४३ हजार, सामाजिक विकास मन्त्रालयबाट शर्शत रु.२ लाख, कृषि तर्फ रु ५७ लाख, उद्योग तर्फ रु २९

लाख, सौर्य उर्जा बायोग्यास तर्फ रु ७ लाख, गरिब घरपिरवार पहिचान कार्यक्रम तर्फ रु १ लाख, शिक्षा तर्फ रु ११ करोड ६ लाख, स्वास्थ्य तर्फ रु २ करोड ९२ लाख, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण तर्फ रु ३ लाख, युवा तथा खेलकूद तर्फ रु १ लाख रुपैयाको सिधै अख्तियारी प्राप्त भएको छ । यस्ता कार्यक्रमको लागि प्राप्त भएको रकमको प्रतिवेदन सिधै नेपाल सरकारमा पठाउने गरी अख्तियारी प्राप्त भएकाले स्थानीय सरकारको बजेट प्रणालीमा समावेश गरिएको छैन ।

१९. आर्थिक वर्ष २०७७/७८ को राजस्व र व्ययको यथार्थ विवरण ,ज्येष्ठ मसान्त सम्मको आर्थिक वर्ष २०७७/७८ को आय तथा व्यय विवरण तथा संशोधित अनुमान र आर्थिक वर्ष २०७८/७९ को अनुमानित आयव्ययको विवरण विनियोजन ऐनको अनुसूचीमा उल्लेख गरेको छु ।

**सभाध्याक्ष महोदय,**

**सभाका सदस्य ज्यूहरु,**

अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## सडक पूर्वाधार

२०. गाँउपालिकाको सदरमुकाम देखि वडा कार्यालय जोड्ने सडकहरुलाई बाह्रै महिना यातायात सहज ढङ्गले सुचारु गर्ने उदेश्यले त्यस्ता ग्रामीण सडकहरुको स्तरोन्नतीका लागि बजेट विनियोजन गरेको छु । सघं  सरकारबाट प्राप्त समपुरक अनुदान रकम रु ८३ लाख प्राप्त भएको छ । अर्जुनचौपारी – आरुचौर सडक,आरुचौर खण्ड लाइ रु.५० लाख, अर्जुनचौपारी देखि वडा न.६ दरौं सडक लाइ रु.५० लाख , अर्जुनचौपारी देखि वडा न.२ सडक लाइ रु.५० लाख, शहरे राम्चे तालपोखरी सडक लाइ रु.५० लाख, तालपोखरी – झाक्रीखोला- डहरे सडक रु.२० लाख, बिरौटा माझपाटा सडक रु.१० लाख ,रैते सिमलचौर सडक रु.१० लाख, शहरे-तमाखुबारी-राजस्वाँरा सडक रु.१५

लाख ,चिसापानी-काउरे सडक रु.२० लाख , बाङ्गेबजार-शिरुखर्क सडक रु.५ लाख, खाल्टे-लामडाँडा सडक रु.५ लाख, धुले-चैनपुर सडक रु.२ लाख, घट्टे पहरो फोड्ने कार्य रु.२५ लाख बिनियोजन गरेको छु ।

**भवन**

२१. गाँउपालिकाको  निर्माणाधिन प्रशासकीय भवन निर्माणको लागि यस आ.व.को रु ४ करोड बजेट विनियोजन मध्ये २ करोड ५० लाख खर्च भएकोले रु. १ करोड ५० लाख अल्या गरेको छु।

**कृषि क्षेत्र**

२२. नागरिकको खाद्यअधिकार सुरक्षित गर्दै गरिवीको अन्त्य गर्न, ठुलो संख्यामा रहेका कृषक परिवारको आयस्तर वृद्धि गर्न, कोभिड १९ बाट प्रभावित भई रोजगारी गुमेका व्यक्तिहरुलाई स्थानीय स्तरमा रोजगारी सृजना गर्न तथा सवल अर्थतन्त्रको निर्माण गर्न कृषिको आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण जरुरी छ । यसका लागि कृषियन्त्र उपकरण र कृषि सामाग्रीहरुको व्यवस्था गर्न ५० प्रतिशत अनुदानमा वजेटको व्यवस्था गरेको छु ।

२३. नमुना नर्सरी फर्म स्थापना तथा सन्चालनका लागि रु.८ लाख ,प्लान्ट क्लनिक का लागि रु.६ लाख ,पशु बिमा कार्यक्रमका लागि रु.२० लाख , दुध उत्पादनमा अनुदान कार्यक्रमका लागि रु.५ लाख, कृषि उपज सङ्कलन केन्द्रका केन्द्र सरकारसंघ साझेदारीका लागि रु.१० लाख ,माटो परिक्षण कार्यक्रमका लागि रु.६ लाख, कृषि औजार अनुदानको लागि रु ३ लाख, कृषि तथा पशुपन्छी क्षेत्रमा व्यावसायिक रुपमा फर्म सञ्चालन गरेका कृषकहरुलाई उत्पादनमा प्रोत्साहन गर्न रु २ लाख बजेट विनियोजन गरेको छु ।

**खानेपानी**

२४. आधारभुत खानेपानी नपुगेको गाउँवस्तीमा खानेपानी पुर्याउन वडागत रुपमा योजना विनियोजन गरेको छु ।मर्मत सम्भार कार्यक्रमलाई निरन्तरता दिएको छु

।एक घर एक धारा कार्यक्रमलाई समेत संघ र प्रदेश सरकारको समन्वयमा अगाडि बढाउने लक्ष्य राखेको छ ।

**ऊर्जा विकास**

२५. प्रदेश सरकारसँगको सहकार्यमा जीर्ण अवस्थामा रहेका विजुलीको काठको पोललाई विस्थापित गरी स्टीलको पोलको व्यवस्था गरिनेछ ।सम्पूर्ण अर्जुनचौपारी गाउँपालिकालाई उज्यालो गाउँपालिका बनाउन पहल गरिनेछ ।

**शहरी विकास**

२६. आधुनिक सभ्यताको मानक नै सुविधायुक्त शहर भएको तथा मुलुकको विकासको स्वरुप शहरी पूर्वाधारबाटै प्रतिविम्वित हुने यथार्थलाई ध्यान दिदै शहरी विकास तर्फ पूर्वाधार सहितको व्यवस्थित शहर र बस्ती विकास कार्यक्रम सञ्चालनको लागि सङ्घ र प्रदेश सरकारलाई अनुरोध गरेर कार्यान्वयन गरिनेछ ।

**पर्यटन**

२७. गाउँपालिका भित्रका ऐतिहासिक,सांस्कृतिक,धार्मिक,पुरातात्विक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्दन एवं प्रचार प्रसार गर्न बिभिन्न धार्मिक तथा पर्यटकिय स्थल-डहरे देउराली ,थाप्ले लगायत सम्पूर्ण गाउँपालिकाको डकुमेन्टरी निर्माण गरी अर्जुनचौपारी गाँउबासीहरु बसाई सरी बसोबास गर्ने प्रमुख शहर बजारहरुमा डकुमेन्टरी प्रर्दशन गर्ने व्यवस्था मिलाईनेछ ।

२८. स्थानीय अर्थतन्त्रको विकास गर्न अर्जुनचौपारी गाँउपालिकाको सबै पर्यटकीय क्षेत्रहरु समेट्ने गरी बनाईएको पर्यटन गुरुयोजना कार्यान्वयन गरिनेछ ।साथै गाउँपालिका भित्र सञ्चालित होमस्टेको लागि होमस्टे प्रवर्दन कार्यक्रम सञ्चालन गरिनेछ र अन्य स्थानहरुमा पनि होमस्टे सञ्चालन गर्न उत्पेरित गरिनेछ ।

**<u>सहकारी</u>**

२९. सहकारी क्षेत्रको पूँजी परिचालनको माध्यमबाट सहकारी क्षेत्रलाई वित्तिय उत्प्रेरकका रुपमा विकास गरी स्थानीय अर्थतन्त्रको महत्वपूर्ण स्तम्भको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु ।गाउँपालिका भित्रका सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्न सहकारी वित्तिय विश्लेषण कार्यक्रमका लागि आवश्यक पहलको व्यवस्था मिलाएको छु ।साथै सहकारी क्षेत्रको लागत साझेदारीमा बिभिन्न क्षेत्रमा कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

**<u>वन, वातावरण र विपद व्यवस्थापन</u>**

३०. विकास निर्माणले सर्वसाधारण नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन र सुधार ल्याउन सक्नुपर्दछ भन्ने विश्वव्यापी मान्यतालाई अङ्गिकार गर्दै भौतिक निर्माण गर्दा वातावरणीय पक्षलाई समेत ख्याल गरिनेछ ।साथै स्थानीय वन,वन्यजन्तु,पंक्षी,वनस्पति तथा जैविक विविधताको संरक्षण,संवर्दन र दिगो उपयोग सम्वन्धी कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

३१. विपद व्यवस्थापन हाम्रो स्थानीय सरकारको दायित्व हो भन्ने विषयलाई बोध गरी प्राकृतिक तथा गैरप्राकृतिक जन्य घटनाको जोखिमलाई न्यूनीकरण तथा कोभिड १९ को संक्रमण व्यवस्थापन तथा जनताको दैनिक जिवनलाई सहजिकरण गर्न छुट्टै विपद व्यवस्थापन कोष खडा गरी रु ४० लाख बजेट विनियोजन गरेको छु ।

**<u>शिक्षा, युवा तथा प्रविधि</u>**

३२. आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु।शिक्षालाई प्राविधिक र व्यवसायिक बनाउँदै सक्षम,नैतिक एवं राष्ट्रियहित प्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक वजेट मिलाएको छु।

३३. सामुदायिक विद्यालयको शैक्षिक स्तरलाई प्रविधिमैत्री बनाई निजी विद्यालयहरुसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउन विद्यालयहरुमा ईन्टरनेट तथा विद्युतीय हाजिरी जडान गरिएकोमा थप प्रभावकारी तथा प्रविधिमैत्री बनाउन

बजेटको व्यवस्था गरेको छु ।आगामी आर्थिक वर्ष समेत अन्तर-माध्यमिक विद्यालय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता रु १ लाख र वडाको क्लबस्तरीय खेलकूद प्रतियोगिता परिमार्जित सहित सञ्चालन गर्न रु १० लाख गरी जम्मा रु ११ लाख बजेट खेलकूद विकास कार्यमा विनियोजन गरेको छु ।

३४. हामी जनप्रतिनिधि र गाउँपालिकाकै आर्थिक, सामाजिक, राजनितिक, सास्कृतिक ज्ञान र शिक्षाको विकासका लागि स्थानीय पाठ्यपुस्तक निर्माणका लागि रु.३० लाख ,शैक्षिक क्यालेण्डर निर्माण रु. ५० हजार,कक्षा ३ र ५ परिक्षा संचालनका लागि रु.१ लाख ,हाजिरी जवाफ,निवन्ध लगायतका कार्यक्रम संचालनका लागि रु.५० हजार , न्यून आय भएकालाइ विद्यार्थिलाइ शैक्षिक सहयोगका लागि रु.१ लाख ,नेपाल स्काउट गाउँपालिका स्तरीय कार्यक्रम रु.५० हजार ,नव शिक्षक सेवा प्रवेश तालिमका लागि रु.२ लाख ,अध्यक्षसंग बालबालिका तथा विद्यालयमा कुलत लैङ्गिक हिसां दुवर्यशन जङ्कफुड नियन्त्रण सम्बन्धी जनचेतनामुलक कार्यक्रमका लागि रु.५ लाख , विद्यालयमा अत्यावश्यक आधारभूत सेवा संचालनका लागि रु.५ लाख, विद्यालय मर्मत सुधार कार्यक्रम ४ लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।

३५. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक सस्थाहरुलाई सहायता कार्यक्रमको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु।

**<u>स्वास्थ्य</u>**

३६. विकासको साध्य र साधन दुवै नागरिक नै भएकाले सवै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सवल मानव पुँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई वजेट विनियोजन गरेको छु ।दरौं स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला स्थापना तथा व्यवस्थापन गर्न रु ७ लाख , बर्थिङ्ग सेन्टरमा अत्यावश्यक सामान व्यवस्थापन गर्न रु.२ लाख, सुरक्षित गर्भपतन टेलिमेडिसिन सेवाका लागि रु.१ लाख , गर्भवती महिलाको स्वास्थ्य कार्यक्रमको निरन्तरताका लागि रु.२ लाख ,विद्यालयमा जुकाको औषधि वितरण कार्यक्रमका लागि रु.१ लाख, कोभिड-१९ लक्षित सामाजिक मनो परामर्श कार्यक्रम रु.२ लाख ,कोभिड-१९ रोकथाम नियन्त्रणका लागि व्यवहार

परिवर्तन तथा रोग प्रतिरोधात्मक औ स्थानीय जडिबुटि पहिचान कार्यक्रमको लागि रु १ लाख, कोरोना नियन्त्रण तथा रोकथामका लागि रोग प्रतिरोधात्मक औषाधी वितरण तथा क्षमता अभिवृद्धि कार्यक्रमको लागि रु ५ लाख,स्वास्थ्य प्रोटोकल अनुसार गर्भ जाँच गरि गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थामा सुत्केरी भएका लाइ २ लाख ,बिद्यालय स्वास्थ्य कार्यक्रम २ लाख ,स्वयंमसेविका अवलोकन भ्रमण रु.४ लाख, टोलटोलमा गर्भवति क्लब गठन ५० हजार, विद्यालय भित्र र बाहिर सबै किशोर किशोरीलाइ आइरन चक्की वितरण रु.१ लाख, गर्भवति परिक्षण किटका लागि रु. ५० हजार बजेटको व्यवस्था गरेको छु ।

३७. स्वस्थ नागरिक,स्वस्थ समाज,स्वस्थ जीवन र त्यसका लागि स्वस्थ उत्पादन र स्वयम उपभोग गर्ने बानी विकास गर्न सामाजिक जागरण ल्याईनेछ । महिला प्रजनन स्वास्थ्य तथा गर्भवती महिला सुरक्षा कार्यक्रम समेतका लागि रु २ लाख बजेटको व्यवस्था गरेको छु ।

३८. महिला स्वास्थ्य स्वयंमसेविकाहरुले गाउँपालिकाको आधारभूत स्वास्थ्य, सरसफाइ तथा पोषणसम्वन्धी क्षेत्रमा गरेको उल्लेखीय कार्यको उच्च मूल्यांकन गर्दै उहाँहरुले प्राप्त गर्दै आएको प्रोत्साहन भत्ता लाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु ।

**<u>सामाजिक संरक्षण र समावेशीकरण</u>**

३९. आर्थिक र सामाजिक रुपमा जोखिममा रहेका नागरिकलाई सहायता र संरक्षण प्रदान गर्नु सबै सरकारको दायित्व हो भन्ने विषयलाई मध्यनजर गरी सामाजिक सहायता कार्यक्रमको लागि बजेटको व्यवस्था मिलाएको छु ।साथै आर्थिक सहायता सम्वन्धि कार्यविधी निर्माण गरी सहायता रकमलाई उद्देश्यमूलक बनाईनेछ ।साथै घरेलु हिंसा न्यूनिकरण तथा लैङ्गिक हिंसालाई न्यूनिकरण गरी पिडितहरुलाई समाजमा स्थापीत गर्न रु २ लाखको लैङ्गिक हिंसा निवारण कोषको व्यवस्था गरेकोछु ।साथै समाजमा पछि पारिएका, दबिएका, पिल्सिएका, थिचोमिचोमा परेका महिलाहरुको शसक्तिकरणका लागि रु ३ लाख बजेट

व्यवस्था गरेको छु ।साथै लक्षित बर्ग कार्यक्रम अन्तर्गत दलित जनचेतना मुलक तथा शसक्तिकरण कार्यक्रम अन्तर्गत रु.२ लाख ,महिला सामाजिक सुरक्षाको दायरामा नपर्ने गरिव, हिंसा, पिडित ,असहाय ,आर्थिक एवं सामाजिक रुपमा पिक्षडिएको विपन्न, एकल महिला, शसक्तिकरण कार्यक्रम तथा सहयोग रु. ३ लाख ,जनजाति जनचेतनामुलक तथा शसक्तिकरण कार्यक्रम रु.२ लाख ,अपाङ्ग सिप बिकास शसक्तिकरण तथा व्यवसाय सहयोग कार्यक्रम रु.२ लाख , जेष्ठ नागरिक अनुभव आधारप्रधान तथा सम्मान कार्यक्रम रु.१ लाख, उपाध्क्षसंग महिला सचेतना कार्यक्रम रु.१ लाख , गर्भवति महिला सुरक्षा रु.१ लाख ,सामुदायिक महिला अगुवा तालिम रु.१ लाख ५० हजार , महिला हिंसा तथा घरेलु हिंसा सम्बन्धि सचेतना कार्यक्रम रु.१ लाख बजेट बिनियोजन गरेको छु ।

४०. महिला,अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न तथा जनजाति वर्गहरुलाई सार्वजनिक सेवामा सबैको अपनत्व बोध गराउने हेतुले विविध कार्यक्रम खर्चमा बजेट व्यवस्था गरेको छु ।साथै परिवार नियोजनका साधनहरुको पहुँच नभएका अनिच्छुक गर्भधारण गर्न बाध्य किशोरी तथा महिलाहरुको समस्यालाई मध्यनजर गर्दै सुरक्षित गर्भ पतन सेवाको लागि रु १ लाख बजेट विनियोजन गरेकोछु ।

४१. न्यायिक अभ्यासलाई सस्थागत गरी न्यायसम्पादन प्रकृयालाई मेलमिलाप र मध्यस्थताको माध्यमबाट न्याय निरोपण गर्ने पद्धतिको निर्माण गर्न न्यायिक समितिलाई रु ५ लाख वजेट विनियोजन गरेको छु ।

## संस्कृति

४२. स्वस्थ र सभ्य संस्कृतिको विकास गरी समाजिक सु-सम्वन्धमा आधारित समाजको निर्माण गर्न धर्म,संस्कृति,संस्कार,प्रथा,परम्परा,प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सवै प्रकारका विभेद,शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गरिनेछ ।

४३. गाउँपालिका भित्र रहेका प्राचीनकला,साहित्य र संस्कृति विशिष्ट पहिचान झल्काउने स्थान र वस्तुहरुको तस्विरहरु निर्माण गरी सजावटका लागि पनि आवश्यक व्यवस्था मिलाएको छु।

## सुशासन र सार्वजनिक सेवा प्रवाह

४४. शासकीय स्वच्छता र सुशासन प्रवर्दनलाई  प्राथमिकतामा राखी सवै क्षेत्रमा सदाचार पद्धति अवलम्वन गरिनेछ ।

४५. सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा आमूल परिवर्तन गरी संघीय शासन प्रणाली अनुरुपको सोच र कार्य शैलीको विकास गरिनेछ । सार्वजनिक पदाधिकारीहरुको जवाफदेहिता सुनिश्चित गरिनेछ ।

४६. कर्मचारी तथा शिक्षकहरुको गाउँपालिका भित्र सरुवा,पुरस्कार,सजाय,वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनमा आधारित बनाइनेछ ।कर्मचारीको लागि संघिय सरकारले व्यवस्था गरे बमोजिम रु.२ हजार बृद्दि र १० दिन बराबारको परिश्रमिक सहितको पर्यटन काजको व्यवस्था मिलाएको छु ।

४७. कर्मचारीहरुलाई सेवाप्रवाह प्रति उर्जाशिल र उत्पेरित गर्न, कोभिड १९ को संक्रमण व्यवस्थापनलाई प्रभावकारी बनाई जोखिम न्यूनिकरणमा अग्रपंतिमा रहि अहोरात्र खटिने राष्ट्रसेवहरुको मनोवल उच्च राख्न प्रोत्साहन तथा पुरस्कार कार्यक्रमको व्यवस्था मिलाएको छु ।

४८. आर्थिक वर्ष २०७६/७७ देखि राजश्व व्यवस्थापन, वजेट तयारी, लेखांकन तथा प्रतिवेदन जस्ता कार्य स्थानीय संञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) लाई थप प्रभावकारी रुपमा लागू गरी गाँउपालिकाको आर्थिक कार्यप्रणाली र प्रशासनिक कामकारवाहीमा सुशासन कायम गरिनेछ ।

४९. नेपाल सरकार,प्रदेश सरकार तथा अन्य विकास  साझेदार संस्था संग साझेदारीमा गाउँपालिकाको पूर्वाधार विकासका लागि समपूरक कोषमा रु २ करोड व्यवस्था मिलाएको छु । उक्त कोषमार्फत साझेदारीमा गाँउपालिकामा सडक, औद्योगिक ग्राम स्थापना, आधुनिक कभर्ड हलसहितको खेलमैदान,

बहुउदेश्यीय सभाहल निर्माण, कृषि बजार केन्द्र र कोल्डस्टोर निर्माण लगायत बिबिध पूर्वाधर निर्माण गरिनेछ ।

५०. गाँउपालिकाले सहभागितामूलक योजनालाई प्राथमिकता दिई वडाबाट छनौट भएका वडास्तरीय योजनाहरु : सडक मर्मत सुधार २५ लाख ५० हजार, प्रधानमन्त्री रोजगार कार्यक्रममा रु ८ लाख ५० हजार, विपद व्यवस्थापन कोषमा रु ४ लाख ५० हजार, खेलकूद विकास तर्फ रु १ लाख ५० हजार, कृषि कार्यक्रमको लागि रु ६ लाख ५० हजार, भौतिक पूर्वाधार तथा अन्य तर्फ रु १ करोड ३ लाख ५० हजार गरी जम्मा रु १ करोड ५० लाख रुपैया बजेट विनियोजन गरेको छु ।

५१. आगामी आ.व.मा गाँउपालिकामार्फत कार्यान्वयन हुने योजनाहरुको हकमा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम र सडक पूर्वाधार निर्माण बाहेक अन्य क्षेत्रको कार्यक्रममा चालु आ.व.मा भएको लागत साझेदारीलाई निरन्तरता दिईनेछ ।

५२. गाउँपालिकाको प्रथम पञ्चबर्षिय आवधिक योजनालाई आधार बनाई गाउँपालिकाले आगामी ५ बर्षको योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाएकोछु ।

५३. आगामी आर्थिक वर्ष २०७८/७९ मा विभिन्न क्षेत्रगत विषय :- आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण, विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा अनुमानित विनियोजन भएको वजेट विनियोजन विद्येयकको अनुसूचीमा समावेश गरेको छु । साथै विगत बर्षहरुमा योजनाहरुको कार्यान्वयनमा उपभोक्ता समिति मार्फत अग्रीम रुपमा राख्नु पर्ने २० प्रतिशत रकम आगामी बर्ष देखि हटाएको छु ।

सभाका अध्यक्ष महोदय, गाउँसभाका सदस्यज्यूहरु,

अव म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

५४. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ३५ करोड ८६ लाख ७९ हजार खर्च हुने अनुमान गरेको छु । कुल विनियोजन

मध्ये चालुतर्फ रु ६ करोड ४१ लाख १८ हजार र पुँजीगततर्फ रु १२ करोड ३ लाख ११ हजार रहेको छ भने सशर्त अनुदान तर्फ चालु र पुँजीगत गरी रु १७ करोड ५९ लाख रहेको छ ।

५५. आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (खर्च शीर्षकगत तथा उपशिर्षकगत समेत) गाउँपालिकाको विनियोजन विधेयक,२०७८ संगै पेश गरेको छु । त्यस विवरणमा पदाधिकारी अन्य सुविधा, कर्मचारी तलव भत्ता,पानी तथा विजुली महसुल, घर भाडा, करार विभिन्न कार्यक्रम खर्च, शुल्क, सवै कार्यक्रम खर्च,औषधि व्यवस्थापन खर्च, राहत उद्धार खर्च,शैक्षिक संस्थालाई अनुदान,बौद्धिक सम्पत्ती प्राप्ती जस्ता प्रशासनिक प्रकृतिका चालु खर्चको लागि राजश्व वाँडफाँडबाट प्राप्त हुने रकम मात्र चालु खर्च शिर्षकमा रु ६ करोड ४१ लाख १८ हजार रुपैया विनियोजन गरिएको छ।

५६. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ८ करोड ५७ लाख, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व वाँडफाँड रु ५ करोड ५९ लाख, सशर्त अनुदान रु १७ करोड ५९ लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ९३ लाख ५ हजार, प्रदेश राजश्व वाँडफाँड रु ३१ लाख २८ हजार, संघ समपुरक अनुदान रु ८३ लाख, आन्तरिक राजश्वबाट प्राप्त हुने रु ५० लाख र गत वर्षको नगद मौज्दात रु १ करोड ५३ लाख ११ रुपैया मात्र रहने अनुमान गरेको छु।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०७८/७९ को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु,

५७. स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु ।

५८. कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ ।कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छ ।

५९. आर्थिक रुपले विपन्न,अशक्त र असहाय अवस्थामा रहेका नागरिक मैत्री कर प्रणाली विकसित गरिनेछ ।

६०. गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरुको परिचयपत्र सम्वन्धी,आर्थिक रुपमा विपन्नहरुको निशुल्क उपचार सम्वन्धी तथा प्राकृतिक प्रकोप सम्वन्धी सिफारिश दस्तुर छुट गरिनेछ ।

६१. रोडा, ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा लगायतका दहत्तर बहत्तर शुल्क,विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी ग-४-२ बाँडफाँट खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६२. गाउँपालिका भित्रका व्यापारिक र व्यावसायिक प्रकृतिका मनोरञ्जनका महोत्सव, उत्सव तथा मेला आदिमा मनोरञ्जन करको व्यवस्था मिलाईनेछ ।

६३. गाउँपालिका भित्रमा लगाईएको सम्पत्ति करलाई थप सरल र प्रभावकारी हुने व्यवस्था मिलाएकोछु ।

६४. गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसाय करको दायरामा लिईनेछ ।साथै प्यान नं. लिने तथा कर शिविरको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

६५. आर्थिक ऐन सम्वन्धी प्रस्तावित विधेयक,२०७८ यसै सभाबाट पारित भैसकेको छ । त्यस्तै कर तथा गैर करको दर रेट सम्बन्धी अर्थ सम्वन्धी प्रस्ताव यसै बजेट मन्तब्य सँग संलग्न राखेको छु । सो विद्येयक सम्वत २०७८ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएकोछु ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यहरु,**

६६. यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताद्वारा शासनको चरितार्थ गरी जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा हामी पूर्ण प्रतिवद्ध छौं ।

६७. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष,गाउँसभाका सदस्यहरु,विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र र विषयगत क्षेत्रका विज्ञहरु तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाह प्रति हार्दिक आभार प्रकट गर्दछु ।

६८. यो बजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।साथै,मुलुक भित्र र वाहिर रहनु भएका सवै नेपालीलाई –**समृद्ध अर्जुनचौपारी, सुखी अर्जुनचौपारीवासी’** निर्माणको यात्रामा सहभागी हुन आब्हान गर्दछु । बिगतको भोगाई, गल्ती र सिकाई, बर्तमानको जटिल्ताको बीच भविष्यको गोरेटोहरु खोज्दै सम्पूर्ण जनप्रतिनिधीहरु, राष्ट्रसेवक कर्मचारीहरु अगाडी बढिरहनुहुनेछ भन्ने आसा र भरोसा लिदैं अब म पालिकाका गौरबका योजना तथा वडागत रुपमा विनियोजित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| क्र.स. | योजनाको नाम | बजेट(रु.हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | **समपुरक कोष** | २०००० | |
| २ | **पूर्वाधार विकास कार्यक्रम** | ४६५०० | |
| | अर्जुनचौपारी-आरुचौर सडक, आरुचौर खण्ड | ५००० | |
| | अर्जुनचौपारी सिमलचौर हुदैं वडा नं. ६ दरौं सडक | ५००० | |
| | अर्जुनचौपारी वडा नं. २ सडक | ५००० | |
| | शहरे-राम्चे-तालपोखरी सडक | ५००० | |
| | तालपोखरी-झाँकीखोला-डहरे सडक | २००० | |
| | विरौटा-माझपाटा सडक | १००० | |
| | रैते-सिमलचौर सडक | १००० | |
| | शहरे-तमाखुबारी-राजस्वाँरा सडक | १५०० | |
| | चिसापानी-काउरे सडक | २००० | |
| | वाङगेबजार-शिरुर्खक सडक | ५०० | |
| | खाल्टे-लामडाँडा सडक | ५०० | |
| | धुले-चैनपुर सडक | २०० | |
| | घट्टे पहरो व्यवस्थापन (फोड्ने कार्य) | २५०० | |
| | औद्योगिकग्राम कल्भर्ट फिलिङ्ग | ३००० | |
| | ठाडाखेत गेट निर्माण डिजिटल समेत | ५०० | |
| | बयाले गेट सुधार डिजिटल समेत | २०० | |
| | सार्वजनिक निर्माण, भौतिक सुधार | १००० | |
| | सदरमुकाम खेलमैदान तारबार गेट निर्माण | १००० | |
| | नालि व्यवस्थापन (तल्लो माथिल्लो बजार) | २००० | |
| | सडक मर्मत सुधार | १००० | |
| | पञ्चकन्या मन्दिर निर्माण | १००० | |
| | निमिर्त संरचनाको मर्मत सुधार | २१०० | |
| | सहरे-निवुवाबोट-सिर्खु सडक | ५०० | |
| | जग्गा अधिग्रहण | ३००० | |
| २ | **लक्षित वर्ग (दलित, महिला, जनजाती, अपाङ्ग, जेष्ठनागरीक)** | **१०००** | |
| | दलित जनचेतनामुलक तथा शशक्तिकरण कार्यक्रम | २०० | |
| | महिला (सामाजिक सुरक्षाको दायरामा नपर्ने गरिब, हिसां पिडित, असहाय, आर्थिक एवं सामाजिक रुपमा पिछडिएको, विपन्न) कार्यक्रम तथा सहयोग | ३०० | |
| | जनजाती जनचेतनामुलक तथा शशक्तिकरण कार्यक्रम | २०० | |
| | अपाङ्ग सिप विकास शशक्तिकरण तथा व्यवसाय सहयोग कार्यक्रम | २०० | |
| | जेष्ठनागरिक अनभव आदान प्रदान तथा सम्मान कार्यक्रम | १०० | |
| ३ | **कृषि क्षेत्र प्रवर्द्धनात्मक कार्यक्रम** | **६०००** | |
| | नमुना नर्सरी फर्म | ८०० | |
| | Plant Clinic | ६०० | |

| | | | |
|---|---|---|---|
| | पशुविमा कार्यक्रम | २००० | |
| | दुध उत्पादनमा अनुदान कार्यक्रम | ५०० | |
| | कृषि उपज संकलन केन्द्र सरकार सँग साझेदारी | १००० | |
| | माटो परिक्षण कार्यक्रम | ६०० | |
| | कृषि औजार (५०%) अनुदान | ३०० | |
| | कृषि उत्पादन प्रोत्सहान कार्यक्रम | २०० | |
| ४ | **शिक्षा क्षेत्र प्रवर्द्धनात्मक कार्यक्रम** | **५०००** | |
| | स्थानीय पाठ्यपुस्तक निर्माण | ३००० | |
| | शैक्षिक क्यालेण्डर निर्माण | ५० | |
| | ३ र ५ परिक्षा संचालन | १०० | |
| | हाजिरी जवाफ, निबन्ध लगायतका कार्यक्रम संचालन | ५० | |
| | न्यून आय भएकालाई शैक्षिक सहयोग | १०० | |
| | नेपाल स्काउट गा.पा.स्तरीय कार्यक्रम | ५० | |
| | सेवा प्रवेश तालिम | २०० | |
| | विद्यालमा कुलत लैङ्गिक हिसां, दुर्व्यशन, जंङ्गफुड नियन्त्रण सम्वन्धी जनचेतनामुलक कार्यक्रम | ५०० | |
| | विद्यालयमा अत्यावश्यक आधारभूत सेवा संचालन | ५०० | |
| | विद्यालय मर्मत सुधार कार्यक्रम | ४५० | |
| ५ | **स्वास्थ्य क्षेत्र प्रवर्द्धनात्मक कार्यक्रम** | **३०००** | |
| | दरौंस्वास्थ्य चौकी प्रयोगशाला स्थापना तथा संचालन | ७०० | |
| | बर्थिङ्ग सेन्टरमा अत्यावश्यक सामान व्यवस्थापन | २०० | |
| | सुरक्षित गर्भपतन टेलिमेडीसिन सेवा | १०० | |
| | गर्भवती महिलाको स्वास्थ्य कार्यक्रमका लागि निरन्तरता | २०० | |
| | विद्यालयमा जुकाको औषधी वितरण कार्यक्रम ६/६ महिनामा | १०० | |
| | कोभिड १९ लक्षित /सामाजिक मनोपरामर्श कार्यक्रम | २०० | |
| | कोभिड १९ रोकथाम नियन्त्रणका लागि व्यवहार परिवर्तन तथा रोग प्रतिरोधात्मक औषधी वितरणका लागि गाउँघर कार्यक्रम | ५०० | |
| | स्वास्थ्य Protocal बमोजिम सुत्केरी भएकालाई | २०० | |
| | विद्यालय स्वास्थ्य कार्यक्रम | २०० | |
| | स्वंयसेवीका अवलोकन भ्रमण | ४०० | |
| | टोल-टोलमा गर्भवती क्लब गठन | ५० | |
| | विद्यालय/बाहिरका सवै किशोर किशोरिलाई आइरन चक्की वितरण | १०० | |
| | गर्भवती परिक्षण टिक | ५० | |
| ६ | **सामाजिक विकास** | **४५००** | |
| | अध्यक्ष कप प्रतियोगिता | ५०० | |
| | न्यायिक समिति | १००० | |

| | | | |
|---|---|---|---|
| | खेलकूद विकास कोष | १००० | |
| | सहकारी तथा गै.स.स. सँग साझेदारी कार्यक्रम | १००० | |
| | राहत पुनस्थापना र पुनःनिर्माण | १००० | |
| ७ | **विपद् व्यवस्थापन** | ४००० | |
| ८ | **वडागत योजना** | **१५०००** | |
| | **जम्मा** | **१०५०००** | |
| | | | |

| गाउँपालिकास्तरीय योजना तथा कार्यक्रमहरू | | | | |
|---|---|---|---|---|
| **क्र.स** | **योजना तथा कार्यक्रम** | **वडा नं.** | **रकम(रु.हजारमा)** | **कै** |
| १ | पिपलडाँडा ठाडाखेत पार्क निर्माण | वडा नं. १ | २०० | |
| २ | दिर्जेखोला लामपाटा सिंचाई कूलो निर्माण | वडा नं. ३ | १५० | |
| ३ | देवकोटाथर मोटरबाटो स्तरोन्नती | वडा नं. १ | ३०० | |
| ४ | माउन्ट एभरेष्ट नेपाल हर्बल प्रोडक्सन प्रा.लि. टंकी निर्माण | वडा नं. ४ | २०० | |
| ५ | नाइको मुहान औलेबारी खा.पा. मर्मत | वडा नं. ४ | २०० | |
| ६ | भूवानी ढिलठाँटी निर्माण र पानी व्यवस्था | वडा नं. ४ | १०० | |
| ७ | गैरा कुवा खानेपानी संरक्षण | वडा नं. ५ | १०० | |
| ८ | कुना नुवार खानेपानी सुधार | वडा नं. १ | १०० | |
| ९ | द्वारकुना प्रतिक्षालय निर्माण | वडा नं. ५ | १०० | |
| १० | पिपलडाँडा शिवमन्दिर शौचालय निर्माण | वडा नं. ५ | १०० | |
| ११ | भटमासे खेल मैदान निर्माण | वडा नं. २ | १०० | |
| १२ | गाडखर्क कटुवा मोटरबाटो निर्माण | वडा नं. १ | १५० | |
| १३ | दलितबस्ती गोरेटोबाटो निर्माण सिमलचौर | वडा नं. १ | १०० | |
| १४ | नवदिप युवा क्लव खेलमैदान स्टेज निर्माण खेवाङ्ग | वडा नं. ४ | १५० | |
| १५ | मुसुरबारी खण्डमा सडक नाली निर्माण | वडा नं. ६ | ७०० | |
| १६ | मिलनचोक कपासे खण्ड सडक सुधार | वडा नं. १ | ३०० | |
| १७ | वि.पी स्मृती भवनमा फर्निचर खरिद | वडा नं. ५ | १०० | |

| | | | | |
|---|---|---|---|---|
| १८ | नयाँगाउँ मोटरबाटो निर्माण | वडा नं. ६ | १०० | |
| १९ | दिगदर्शन युवा क्लब खेलमैदान निर्माण | वडा नं. २ | ३०० | |
| २० | सहले फाँट सिंचाई कूलो निर्माण | वडा नं. १ | ३०० | |
| २१ | टिमुरेभञ्ज्याङ्ग समाजघर सुधार | वडा नं. ३ | १५० | |
| २२ | केवरे-मल्याङ्गदी मोटरबाटो निर्माण | वडा नं. २ | २०० | |
| २३ | केवरेफाँट नयाँबस्ती नाली निर्माण | वडा नं. १ | २०० | |
| २४ | भगारी सहकारीको भवन देखि साजको रुख हुदै गणेश प्रा.वि. जाने गोरेटोबाटो निर्माण | वडा नं. ३ | २०० | |
| २५ | घडेरी थापाटोल जाने मोटरबाटो निर्माण | वडा नं. २ | १०० | |
| २६ | सल्यानकालिका मन्दिर पुनःनिर्माण | वडा नं. ३ | ३०० | |
| २७ | दारेगौडाँ माथिल्लो टोल मोटरबाटो | वडा नं.१ | १०० | |
| २८ | माथिल्लो ढाडा(गाम) माथिल्लो गोरेटो बाटो | वडा नं.१ | ५० | |
| २९ | तल्लो घर्ती टोल हिमपाइप जाली | वडा नं.१ | १०० | |
| ३० | दलित बस्ती संरक्षण सिमलचौर | वडा नं.१ | १०० | |
| ३१ | मगरटोल सडक मर्मत | वडा नं.१ | ५० | |
| ३२ | भुजेल समाज भाडा खरिद | वडा नं.१ | ५० | |
| ३३ | तिवारीडाँडा सिँचाइ मर्मत | वडा नं.१ | ५० | |
| ३४ | आयखोला बगाहाखेत कल्भर्ट | वडा नं.१ | १०० | |
| ३५ | वयरबारीडाडा गोरेटो बाटो | वडा नं.१ | १०० | |
| ३६ | अधिकारी कटुवा खेत सिचाँइ | वडा नं.१ | ५० | |
| ३७ | दानुवाथान कुलो सिँचाइ | वडा नं.१ | ५० | |
| ३८ | ठुलोखेत तटबन्ध सिमलचौर | वडा नं.१ | ५० | |
| ३९ | शिद्दबाबा युवा क्लब भक्तीकोट खेल मैदान | वडा नं.२ | १०० | |
| ४० | पतीपानी कुवा भटमासे दलीत बस्ती गोरेटो बाटो | वडा नं.२ | १०० | |
| ४१ | अलैचीबारी उपल्ला खाल्टे गोरेटोबाटो | वडा नं.२ | १०० | |

| | | | | |
|---|---|---|---|---|
| ४२ | तल्लो पानी थापाथर गोरेटोबाटो | वडा नं.२ | १०० | |
| ४३ | सृजनशिल युवा क्लब खेलमैदान | वडा नं.२ | १०० | |
| ४४ | बनपाखे खानेपानी पाइप खरिद | वडा नं.२ | ५० | |
| ४५ | घडेरी सामुदायिक भवन | वडा नं.२ | १०० | |
| ४६ | छहरे खानेपानी मर्मत | वडा नं.२ | १०० | |
| ४७ | अगर्दिप युवा परिवार शौचालय निर्माण | वडा नं.२ | २०० | |
| ४८ | शिवशक्ति युवा क्लब भवन मर्मत | वडा नं.३ | ३०० | |
| ४९ | तिनघरे खानेपानी | वडा नं.३ | २०० | |
| ५० | आर्गीखर्क खानेपानी मर्मत | वडा नं.३ | १०० | |
| ५१ | सातमुले हुँदै लेकजाने मोटरबाटो | वडा नं.३ | १०० | |
| ५२ | छापा सामुदायिक भवन फर्निचर खरिद | वडा नं.३ | १०० | |
| ५३ | सिमलचौर शिवालय मन्दिर निर्माण | वडा नं.३ | १०० | |
| ५४ | मलौदी खोला गौडा मोटरबाटो | वडा नं.३ | ५० | |
| ५५ | ढाप पंधेरा खोरीया खानेपानी निर्माण | वडा नं.४ | २०० | |
| ५६ | कमरेबाटो जन मा.बि जाने मोटरबाटो निर्माण | वडा नं.४ | २०० | |
| ५७ | कुरुनडाँडा खानेपानी निर्माण | वडा नं.४ | २०० | |
| ५८ | तालपोखरी गैरागाँउ मोटरबाटो | वडा नं.५ | १०० | |
| ५९ | पन्चपुजा मोटरबाटो | वडा नं.५ | १०० | |
| ६० | क्षत्री समाज दुवारकुना खोलमैदान | वडा नं.५ | २५० | |
| ६१ | दलित सामुदायिक भवन | वडा नं.५ | १५० | |
| ६२ | कुडहर खोला सागु निर्माण | वडा नं.५ | ५० | |
| ६३ | चौडिल्ला डिलको चौपारी गोरेटो बाटो | वडा नं.५ | ५० | |
| ६४ | कोलमुनी दास गोरेटोबाटो | वडा नं.५ | ५० | |
| ६५ | मलाउरे खोला गोरेटोबाटो | वडा नं.५ | ५० | |

| | | | | |
|---|---|---|---|---|
| ६६ | खुत्रुङ् ठुल्ढुङा नयाँचौपारी गोरेटो बाटो | वडा नं.५ | १०० | |
| ६७ | सिर्खु आमा समुह ग्राउण्ड निर्माण | वडा नं.५ | १०० | |
| ६८ | पोखरीडिल मुल संरक्षण | वडा नं.५ | १०० | |
| ६९ | घले पानि टंकफ निर्माण | वडा नं.६ | १०० | |
| ७० | अगुल्टे गोरेटो बाटो निर्माण | वडा नं.६ | १०० | |
| ७१ | भालुखर्क गोरेटोबाटो | वडा नं.६ | ५० | |
| ७२ | लाङ खोरिया खानेपानी मर्मत | वडा नं.६ | ५० | |
| ७३ | सानो पंधेरो मुल संरक्षण भेडाबारी | वडा नं.६ | ५० | |
| ७४ | तमाखुबारी दलित बस्ती संरक्षण | वडा नं.६ | १०० | |
| ७५ | भक्तीकोट खानेपानी मर्मत | वडा नं.६ | १०० | |

**रकम रु ००० मा**

| **वडा नं.१ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू** | | | | |
|---|---|---|---|---|
| **क्र.स** | **योजना तथा कार्यक्रम** | **वडा नं.** | **रकम** | **रकम** |
| १ | वडा सडक मर्मत सुधार | वडा नं १ | ५०० | ५०० |
| २ | विपद् व्यवस्थापन कोष | वडा नं १ | १०० | १०० |
| ३ | खेलकूद विकास कोष | वडा नं १ | १०० | १०० |
| ४ | फोहरमैला व्यवस्थापन | वडा नं १ | १५० | १५० |
| ५ | खानेपानी र सिंचाई पाईप खरिद | वडा नं १ | १०० | १०० |
| ६ | विद्युत व्यवस्थापन तथा घर नजिक जोखिम नियन्त्रणका लागि रुखहरु खाट्ने कार्यक्रम | वडा नं १ | १०० | १०० |
| ७ | केवरेफाँट जीरो सडक बत्ती व्यवस्थापन | वडा नं १ | ५० | ५० |
| ८ | स्वास्थ्य विपद् सामाग्री खरिद | वडा नं १ | ५० | ५० |
| ९ | ढकालडाँडा खोप उपकेन्द्र व्यवस्थापन | वडा नं १ | ५० | ५० |
| १० | दलितबस्ती ठुलाखेत सिंचाई कूलो निर्माण | वडा नं १ | १०० | १०० |
| ११ | विष्टथर-भिरमुनी-कटुवा मोटरबाटो निर्माण | वडा नं १ | १५० | १५० |
| १२ | माथिल्लो बजार सामुदायिक भवन संरचनात्मक | वडा नं १ | १०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| | सुधार | | | |
| १३ | झिंगेखोला (ख) खानेपानी मर्मत | वडा नं १ | ५० | ५० |
| १४ | बगाहाखेत खोरियाडाँडा खानेपानी व्यवस्थापन | वडा नं १ | १०० | १०० |
| १५ | गडेरीखोला उपल्लो सिंचाई कूलो मर्मत | वडा नं १ | ५० | ५० |
| १६ | फुर्सामाटा खानेपानी व्यवस्थापन | वडा नं १ | १०० | १०० |
| १७ | गैरीस्वाँरा खानेपानी व्यवस्थापन | वडा नं १ | ५० | ५० |
| १८ | गैरीस्वाँरा गोरेटोबाटो निर्माण | वडा नं १ | ५० | ५० |
| १९ | अर्चले राद्धालेथर खानेपानी व्यवस्थापन | वडा नं १ | ५० | ५० |
| २० | लिस्ने माझस्वाँरा चिप्लेचौर कूलो निर्माण | वडा नं १ | ५० | ५० |
| २१ | बराहाथान खानेपानी मर्मत | वडा नं १ | ५० | ५० |
| २२ | गलगले खानेपानी मर्मत | वडा नं १ | ५० | ५० |
| २३ | बयरवारी खानेपानी मर्मत | वडा नं १ | ५० | ५० |
| २४ | बेलटारी भंगेरकोथान देखि झोलङ्गे पूल सम्म तेर्सोबारी गोरेटोबाटो निर्माण/मर्मत | वडा नं १ | १०० | प्रधामन्त्री रोजगार तर्फ |
| २५ | दलित बस्ती गुप्तेश्वर गोरेटोबाटो निर्माण/मर्मत | वडा नं १ | ५० | प्रधामन्त्री रोजगार तर्फ |
| २६ | पञ्चकन्या प्रा.वि. छवीलाल देवकोटाको घर सम्म गोरेटोबाटो निर्माण/मर्मत | वडा नं १ | १०० | प्रधामन्त्री रोजगार तर्फ |
| २७ | कौडीखोला धारापानी नवदुर्गा गोरेटोबाटो निर्माण/मर्मत | वडा नं १ | ५० | प्रधामन्त्री रोजगार तर्फ |
| २८ | वडा भित्रका कच्चि सडक नाला व्यवस्थापन | वडा नं १ | - | प्रधामन्त्री रोजगार तर्फ |
| | **जम्मा** | | २५०० | २५०० |

**रकम रु ००० मा**

| **वडा नं.२** बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू | | | | |
|---|---|---|---|---|
| **क्र.स** | **योजना तथा कार्यक्रम** | **वडा नं.** | **रकम** | **रकम** |
| १ | वडा कार्यालय जाली झ्याल, घेरावाल ट्रस्ट | वडा नं २ | ४०० | ४०० |

| | | | | |
|---|---|---|---|---|
| २ | आरकुना मसानघाट निर्माण | वडा नं २ | ४०० | ४०० |
| ३ | मसानघाट निर्माण पालेको वन | वडा नं २ | ४०० | ४०० |
| ४ | वयारा खा.पा | वडा नं २ | १०० | १०० |
| ५ | घडेरी थापाटोल खा.पा. | वडा नं २ | १०० | १०० |
| ६ | मोटरबाटो मर्मत संभार | वडा नं २ | ४५० | ४५० |
| ७ | सामुदायिक भवन शौचालय निर्माण केवरे | वडा नं २ | १५० | १५० |
| ८ | चम्वाराजु शिव मन्दिर मर्मत | वडा नं २ | ५० | ५० |
| ९ | छहरे खा.पा. टंकी मर्मत | वडा नं २ | ५० | ५० |
| १० | ठुलोचौतारी-केवरे सडक स्तरोन्नती | वडा नं २ | २०० | २०० |
| ११ | मैपरी तथा विपद् व्यवस्थापन | वडा नं २ | १०० | १०० |
| १२ | **प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी** | **वडा नं २** | **१००** | **१००** |
| १४ | पाङ्ग्राको झालदेखि वडा कार्यालय सम्मको गोरेटोबाटो निर्माण/मर्मत | वडा नं. २ | | |
| १५ | लामडाँडा होमस्टे सामुदायिक भवन खाल्टो पुर्नेकाम | वडा नं. २ | | |
| १५ | भटासे चौरदेखि कामी गाउँ सम्मको गोरेटोबाटो मर्मत | वडा नं. २ | | |
| १७ | वडाकार्यालय देखि लामडाँडा सम्मको मोटरबाटो नाली मर्मत | वडा नं. २ | | |
| १८ | जलजले देखि सामुदायिक भवन सम्मको मोटरबाटो नाली काट्ने काम | वडा नं. २ | | |
| | **जम्मा** | | २५०० | २५०० |

रकम रु ००० मा

| वडा नं. ३ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू | | | | |
|---|---|---|---|---|
| क्र.स | योजना तथा कार्यक्रम | वडा नं. | रकम | रकम |
| १ | प्लाष्टिक टनेल, फलफूलका विरुवा वितरण तथा कृषि औजार वितरण | वडा ३ | ३५० | ३५० |
| २ | ३ नं. वडा भित्रको मोटरबाटो मर्मत | वडा ३ | २०० | २०० |
| ३ | छाप सिरबारे गौडा मोटरबाटो निर्माण तथा मर्मत | वडा ३ | १०० | १०० |
| ४ | खनडाँडा खानेपानी मर्मत योजना | वडा ३ | १०० | १०० |
| ५ | गहते सामुदायिक भवन निर्माण | वडा ३ | १०० | १०० |
| ६ | सोता थुम्की खानेपानी मर्मत योजना | वडा ३ | १०० | १०० |
| ७ | सिरिन्डाँडा खानेपानी मुहान व्यवस्थापन | वडा ३ | १०० | १०० |
| ८ | डाडादेखि फुलबारी पैदलमार्ग निर्माण | वडा ३ | १०० | १०० |
| ९ | सिरिन्डाँडा सार्वजनिक शौचालय निर्माण | वडा ३ | ५० | ५० |
| १० | स्वाँराठाटी मर्मत योजना | वडा ३ | ५० | ५० |
| ११ | टिउरेभञ्ज्याङ्ग समाजघर निर्माण | वडा ३ | ५० | ५० |
| १२ | टिउरे खानेपानी मर्मत | वडा ३ | ५० | ५० |
| १३ | खरिकाबुटा खानेपानी मर्मत | वडा ३ | ५० | ५० |
| १४ | डाँडाघरबारी सिंचाई ट्याङ्की निर्माण | वडा ३ | १५० | १५० |
| १५ | वारीबजार ढल निकाश योजना | वडा ३ | १०० | १०० |
| १६ | कामक्षय चिम्नेबास गोरेटोबाटो निर्माण | वडा ३ | ५० | ५० |
| १७ | गार्डखर्क खानेपानी मर्मत योजना | वडा ३ | ५० | ५० |
| १८ | मजुवाखोला सोता सिंचाई पाईप खरिद | वडा ३ | १०० | १०० |
| १९ | सिमलचौर विद्युततारा तथा पोल व्यवस्थापन | वडा ३ | ५० | ५० |
| २० | मजुवाखोला सिस्नेरी सिंचाई कूलो निर्माण | वडा ३ | १०० | १०० |
| २१ | थाउनुङ्ग खानेपानी मर्मत योजना | वडा ३ | १०० | १०० |
| २२ | डिही सिंचाई पाईप खरिद योजना | वडा ३ | ५० | ५० |

| | | | | |
|---|---|---|---|---|
| २३ | वडा कार्यालयमा गेट तथा तारबार निर्माण | वडा ३ | १५० | १५० |
| २४ | **प्रधानमन्त्री रोजगार कार्यक्रम (ज्याला बाहेक)** | **वडा ३** | २०० | २०० |
| २५ | लामाखेत सिंचाई कूलो निर्माण/मर्मत | वडा ३ | | |
| २६ | डाँडाँ देखि फुलबारी पर्यटकीय पैदलमार्ग निर्माण/मर्मत | वडा ३ | | |
| २७ | रिमालफेदी गहते सिमलचौर गोरेटोबाटो निर्माण/मर्मत | वडा ३ | | |
| २८ | डाँडाघरबारी सिंचाई ट्याङ्की निर्माण/मर्मत | वडा ३ | | |
| २९ | पधेराखोला कुलमन्दिर हुँदै बडहरे गोरेटोबाटो निर्माण/मर्मत | वडा ३ | | |
| ३० | चौतारी दिर्जेखोला सिंचाई योजना | वडा ३ | | |
| ३१ | जुगेखोला ठुलाखेत सिंचाई योजना | वडा ३ | | |
| ३२ | बिरौटा सिंचाई योजना | वडा ३ | | |
| ३३ | सल्यान चुतुडाँडा तल्लो गहते सोता गोरेटोबाटो मर्मत | वडा ३ | | |
| ३४ | भञ्ज्याङ्ग देखि चिलाउनेखर्क गोरेटोबाटो मर्मत | वडा ३ | | |
| ३५ | पिपलडाँडा फोक्सिङ्ग गोरेटोबाटो मर्मत | वडा ३ | | |
| | **जम्मा** | | २५०० | २५०० |

रकम रु ००० मा

| वडा नं. ४ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू | | | | |
|---|---|---|---|---|
| **क्र.स** | **योजना तथा कार्यक्रम** | **वडा नं.** | **रकम** | **रकम** |
| १ | विपद व्यवस्थापन कोष | वडा ४ | १०० | १०० |
| २ | टनेल सहित कृषि औजार खरिद तथा वितरण | वडा ४ | २५० | २५० |
| ३ | ४ नं. वडा भित्रको मोटरबाटो मर्मत | वडा ४ | ५०० | ५०० |
| ४ | पशु शिविर सञ्चालन तथा औषधी खरिद | वडा ४ | १०० | १०० |
| ५ | एकानन्द गुफा शिव मन्दिर व्यवस्थापन | वडा ४ | ३०० | ३०० |
| ६ | मरेश देखी लाँकुरी सम्म गोरटो बाटो निर्माण | वडा ४ | १०० | १०० |
| ७ | रापाकोट कालिका मन्दिरमा परेवा खोर व्यवस्थापन | वडा ४ | ५० | ५० |
| ८ | कामी गाँउ देखी कालिका मन्दिरसम्म गोरेटो बाटो निर्माण | वडा ४ | १०० | १०० |
| ९ | मेलपानी प्रतिक्षालय मर्मत | वडा ४ | ५० | ५० |
| १० | धारापानी मुसुरावारी कुलो निर्माण | वडा ४ | १०० | १०० |
| ११ | जुकेधारा गौरी खानेपानी मुल मर्मत | वडा ४ | १०० | १०० |
| १२ | शिव मन्दिर निवाबोट मर्मत | वडा ४ | ५० | ५० |
| १३ | खेवाङ दलित सामुदायिक भवन व्यवस्थापन | वडा ४ | ५० | ५० |
| १४ | गरी र सार्की मूल खानेपानी मर्मत | वडा ४ | १०० | १०० |
| १५ | नेपाने लेक प्रतिक्षलय निर्माण | वडा ४ | ५० | ५० |
| १६ | राम्चे खेल मैदान निर्माण | वडा ४ | ५० | ५० |
| १७ | वनपाखे गोरेटो बाटो निर्माण | वडा ४ | १०० | १०० |
| १८ | खानेपानी पाइप खरिद, सिचाँइ तथा जाली निर्माण | वडा ४ | १५० | १५० |
| १९ | स्वास्थ्य व्यवस्थापन | वडा ४ | ५० | ५० |
| २० | १००० दिन भित्रका सुत्केरी महिला प्रोत्साहन कार्यक्रम | वडा ४ | १०० | १०० |
| २१ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | **वडा ४** | **५०** | **५०** |
| २२ | जन मा वि देखी कटुसको रुखसम्म गोरेटो बाटो निर्माण/मर्मत | वडा ४ | | |

| | | | | |
|---|---|---|---|---|
| २३ | देउराली मोटरबाटो देखी चण्डी डाँडासम्म गोरेटो बाटो निर्माण/मर्मत | वडा ४ | | |
| २४ | जामुने देखी आगे पुच्छर घर हुँदै जन मा वि सम्म गोरेटो बाटो मर्मत | वडा ४ | | |
| २५ | ४ नं वडा भित्रका मोटरबाटो मर्मत तथा कच्चा नाली निर्माण/मर्मत | वडा ४ | | |
| २६ | कामी गाँउ देखी कालिका मन्दिर सम्म गोरेटो बाटो निमार्ण/मर्मत | वडा ४ | | |
| | **जम्मा** | | २५०० | २५०० |

रकम रु ००० मा

| वडा नं.५ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू | | | | |
|---|---|---|---|---|
| **क्र.स** | **योजना तथा कार्यक्रम** | **वडा नं.** | **रकम** | **रकम** |
| १ | वुद्ध आ.वि.बाट कूल मन्दिर गोरेटोबाटो | वडा ५ | १०० | १०० |
| २ | साहुथर कुवा संरक्षण | वडा ५ | १०० | १०० |
| ३ | भुषाले खोरथापे गोरेटोबाटो | वडा ५ | १०० | १०० |
| ४ | सूर्योदय आ.वा. घेराबार गेट निर्माण | वडा ५ | १०० | १०० |
| ५ | शिवालय मन्दिर पिपलडाँडा गोरेटोबाटो | वडा ५ | १०० | १०० |
| ६ | ४ नं. टोल खानेपानी मर्मत | वडा ५ | १०० | १०० |
| ७ | दर्जी टोल खोला संरक्षण | वडा ५ | १०० | १०० |
| ८ | तालपोखरी सार्वजनिक शौचालय | वडा ५ | २०० | २०० |
| ९ | सिर्खु गोरेटोबाटो निर्माण | वडा ५ | १०० | १०० |
| १० | विपद् व्यवस्थापन | वडा ५ | १०० | १०० |
| ११ | भेटेरिनरी औषधी खरिद | वडा ५ | १०० | १०० |
| १२ | वडा कार्यालय व्यवस्थापन | वडा ५ | २०० | २०० |
| १३ | वडा भित्रका मोटरबाटो मर्मत | वडा ५ | ४०० | ४०० |
| १४ | देविस्थान आ.वि. भवन मर्मत तथा रङ्गरोगन | वडा ५ | १०० | १०० |
| १५ | हिलेखोला खानेपानी | वडा ५ | १०० | १०० |
| १६ | बयाले गोरेटोबाटो निर्माण | वडा ५ | १०० | १०० |
| १७ | भिरमाथि प्रतिक्षालय निर्माण | वडा ५ | १०० | १०० |
| १८ | कालिका मन्दिर गेट निर्माण | वडा ५ | १०० | १०० |
| १९ | गैहिराला सतिपोले कृषि सडक | वडा ५ | १०० | १०० |
| २० | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | **वडा ५** | **१००** | **१००** |
| २१ | मुराबारी घण्टे मोटरबाटो | वडा ५ | | |
| २२ | वडा कार्यालय घण्टे मोटरबाटो | वडा ५ | | |
| २३ | सिर्खु बुकेखोला देविस्थान तालपोखरी मोटरबाटो | वडा ५ | | |

| | | | | |
|---|---|---|---|---|
| २४ | घण्टे बयाले मोटरबाटो | वडा ५ | | |
| २५ | दोवानखोला झाक्रीखोला बयाले मोटरबाटो | वडा ५ | | |
| २६ | बोडिङ्ग दोवानखोला मोटरबाटो | वडा ५ | | |
| २७ | साहुथर गौडाखर्क मोटरबाटो | वडा ५ | | |
| २८ | वडाकार्यालय भण्डीला मोटरबाटो | वडा ५ | | |
| २९ | कालिका आ.वि. देखि मल्कावान मोटरबाटो | वडा ५ | | |
| | **जम्मा** | | २५०० | २५०० |

**रकम रु ००० मा**

| **वडा नं. ६** बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू | | | | |
|---|---|---|---|---|
| **क्र.स** | **योजना तथा कार्यक्रम** | **वडा नं.** | **रकम** | **रकम** |
| १ | विपद व्यवस्थापन | वडा नं. ६ | ५० | ५० |
| २ | खेलकुद विकास कोष | वडा नं. ६ | ५० | ५० |
| ३ | पशुपंक्षी औषधी खरिद | वडा नं. ६ | ५० | ५० |
| ४ | राष्ट्रिय आधारभुत विद्यालयको शौचालय मर्मत, तमाखुवारी | वडा नं. ६ | १०० | १०० |
| ५ | गा.फ.ज. विद्यालय मर्मत | वडा नं. ६ | १०० | १०० |
| ६ | दरौं स्वास्थयचौकी व्यवस्थापन | वडा नं. ६ | २०० | २०० |
| ७ | केउरे पानी धारा मर्मत | वडा नं. ६ | १०० | १०० |
| ८ | वडा नं ६ भित्रका खानेपानी टंकी मर्मत तथा पाईप खरिद | वडा नं. ६ | ३०० | ३०० |
| ९ | धारापानी खानेपानीमुल संरक्षण, नयागाउँ | वडा नं. ६ | १०० | १०० |
| १० | वडा नं ६ भित्रका विजुलीतार वरिपरिको क्षेत्रमारुख कटान | वडा नं. ६ | १०० | १०० |
| ११ | वडा नं ६ भित्रका मोटरबाटो मर्मत | वडा नं. ६ | ५०० | ५०० |
| १२ | माझगाँउ मोटरबाटो संरक्षण, तमाखुवारी | वडा नं. ६ | १०० | १०० |
| १३ | मुसुरबारी देखि स्वास्थयचौकी, गोरेटोबाटो निर्माण, मुसुरबारी | वडा नं. ६ | १०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| १४ | माझँकुला संरक्षण, तमाखुवारी | वडा नं. ६ | १०० | १०० |
| १५ | बहरको फेदि देखि बौर सम्म गोरेटोबाटो, निर्माण सिउँडाबारी | वडा नं. ६ | १०० | १०० |
| १६ | बाईखाने खोला गोरेटोबाटो संरक्षण, भेडावारी | वडा नं. ६ | १०० | १०० |
| १७ | दलित मसानघाट प्रतिक्षालय निर्माण, हिलेडाँडा | वडा नं. ६ | १०० | १०० |
| १८ | वडा कार्यालय मर्मत तथा व्यवस्थापन | वडा नं. ६ | १५० | १५० |
| १९ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | **वडा नं. ६** | १०० | १०० |
| २० | ६ नं. वडाभित्रको मोटरबाटो मर्मत | वडा नं. ६ | | |
| २१ | डाडापारि देखि शिवालय मन्दिर गोरेटोबाटो निर्माण | वडा नं. ६ | | |
| २२ | साउनेपानी गोरेटोबाटो निर्माण | वडा नं. ६ | | |
| २३ | थाप्ले पर्यटकीय स्थान सरसफाई | वडा नं. ६ | | |
| २४ | स्वास्थय चौकी देखि भुमिस्थान गोरेटोबाटो निर्माण | वडा नं. ६ | | |
| २५ | लाङखोरिया देखि जन विकास विद्यालय सम्म गोरेटोबाटो निर्माण | वडा नं. ६ | | |
| | **जम्मा** | | २५०० | २५०० |

हामि सबैको प्रयासबाट यी योजनाहरु सफल रुपमा कार्यान्वयन भइ यस पालिकाको विकासमा आगामि आर्थिक वर्षको नितिकार्यक्रम तथा बजेट कोसेढुङ्गा साबित हुनेछ भन्ने आशा भरोसा तथा विश्वास लिदैं बिदा हुन चाहान्छु ।

**धन्यवाद !**

**चीनमाया गुरुङ्ग**

**उपाध्यक्ष, अर्जुनचौपारी गाउँपालिका**